बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय चितवन

भरतपुर, चितवन, नेपाल

प.सं. ०८२/०८३ प्र.
च.नं. :

मिति:२०८३।०१।१०

## सम्पत्ति तथा जिन्सी मालसामान (साईकल ) लिलाम विक्रिको लागि बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३/०१/१० (चितवन पोष्ट राष्ट्रिय दैनिक पत्रिका)

यस डिभिजन वन कार्यालय चितवनको परिसरमा मौज्दात रहेका लिलाम विक्रि गर्नुपर्ने जिन्सी मालसामान (साईकल) जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफनै खर्चमा उठाई लैजानु पर्ने गरी बोलपत्रको माध्यमद्धारा लिलाम विक्रि गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म संस्था वा कम्पनीले देहायका शर्तहरुको अधिनमा रही बोलपत्र पेश गर्नु हुन यो १५ दिने सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| सि.नं. | जि.खा.पा.नं. संकेत नं. | मालसामानको विवरण | परिमाण गोटामा | जम्मा परिमाण के.जी.मा | प्रति के.जी. न्यूनतम मूल्य | जम्मा न्यूनतम मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | ६११२१११९ | साईकल (कवाडी) | २६८ | ५०१० के.जी. | ५०।- | २,५०,५००।- | प्रयोगमा आउन नसक्ने |

शर्तहरु

१. इच्छुक बोलपत्रदाताहरुले डिभिजन वन कार्यालय चितवनको जिन्सी शाखाबाट आवश्यक जानकारी हासिल गर्ने वा बोलपत्रसम्वन्धी कागजात हेर्न तथा खरिद गर्न सकिनेछ ।

२. इच्छुक बोलपत्रदाताहरुले मिति २०८३/०१/२४ गतेसम्म कार्यालय समय भित्र फिर्ता नहुने गरी रु.१०००।- तिरी बोलपत्र खरिद गर्न सकिनेछ । खरिद गरेको बोलपत्र प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिन दिनको १.०० वजे यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ ।

३. लिलाम भाग लिन इच्छुक फर्म वा कम्पनीले फर्म वा कम्पनीको दर्ता प्रमाण पत्रको प्रतिलिपी, प्यान दर्ता प्रमाण पत्रको प्रतिलिपी, कर चुक्ता प्रमाण पत्र र व्यक्तिको हकमा निवेदन, नेपाली नागरिकताको प्रतिलिपी, व्यक्तिको नामको प्यानकार्डको प्रतिलिपी र वैंकको व्यक्तिगत खाता नं.र वैंकको नाम उल्लेख गरी बोलपत्र खरिद गर्दाका वखत पेश गर्नु पर्नेछ ।

४. कार्यालयमा दर्ता भएका वोलपत्रहरु १६ औं दिनको २.०० वजे जिल्ला प्रशासन कार्यालय चितवन, प्रदेश लेखा इकाई कार्यालयका कर्मचारी प्रतिनिधिहरु र उपस्थित भएका वोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र बोलपत्र खोल्न वाधा पर्ने छैन ।

५. लिलाम विक्रि हुने जिन्सी मालसामान (साईकल) हेर्न चाहने बोलपत्रदाताले कार्यालय समयभित्र जिन्सी शाखामा सम्पर्क राख्नु पर्नेछ ।

६. बोलपत्रदाताले बोलपत्र साथ जमानत वापत आफूले कवोल गरेको दररेट अनुसारले हुन आउने कुल रकमको दश प्रतिशत रकम प्रदेश लेखा इकाई कार्यालय चितवनको नाममा राष्ट्रिय वाणिज्य वैंक भरतपुर शाखामा रहेको धरौटी खाता नं.१३१०१००२०२०३०००० मा जम्मा गरी सो को सक्कल वैंक भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा नव्वे दिन म्याद भएको वैंक जमानत (विड वण्ड) पेश गर्नु पर्ने छ ।

७. लिलाम गरिने मालसामानको (साईकल) न्यूनतम मूल्य रु. २,५०,५००।- (अक्षेरुपी दुई लाख पचास हजार पांचसय मात्र) कायम गरिएको छ । न्यूनतम मुल्यको १३ प्रतिशत मु.अ.कर वुझाउनु पर्ने छ । बोलपत्रदाताले यसै बोलपत्र दाताले बोलपत्र भर्दा

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय चितवन

भरतपुर, चितवन, नेपाल

प.सं. ०८२/०८३ प्र.
च.नं. :

मिति:२०८३।०१।१०



सम्पत्ति तथा जिन्सी मालसामान (साईकल ) लिलाम विक्रिको लागि बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३/०१/१० (चितवन पोष्ट राष्ट्रिय दैनिक पत्रिका)

७. लिलाम गरिने मालसामानको (साईकल) न्यूनतम मूल्य रु. २,५०,५००।- (अक्षेरुपी दुई लाख पचास हजार पांचसय मात्र) कायम गरिएको छ । न्यूनतम मुल्यको १३ प्रतिशत मु.अ.कर वुझाउनु पर्ने छ । बोलपत्रदाताले यसै बोलपत्र दाताले बोलपत्र भर्दा न्यूनतम मूल्य भन्दा कम कवोल गरेको वोलपत्र मान्य हुने छैन । बोलपत्र स्वीकृत गर्दा सवैभन्दा अधिकतम मूल्याकिंत सारभूत रुपमा प्रभावग्राही बोलपत्रलाई स्वीकृत गरिनेछ ।

८. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन बिदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन मानिनेछ ।

९. लिलाम विक्रि सम्झौताको लागि बोलपत्र फारममा समावेश भएको सम्पूर्ण विषय लागु हुनेछ । बोलपत्रदाताले कार्यालयबाट खरिद गरेको बोलपत्र फारममा दस्तखत र फर्म वा संस्था भए छाप समेत लगाई पेश गर्नु पर्ने छ ।

१०. बोलपत्र फारममा जिन्सी मालसामानको कबोल रकम स्पष्ट अंक र अक्षरमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ ।

११. शर्त राखि वा रित नपुगेको र म्याद नाघि आएको बोलपत्रलाई मान्यता दिइने छैन ।

१२. पेश भएको बोलपत्रको मान्य अबधि साठी दिनको हुनेछ । पेश हुन आएका बोलपत्र मूल्याकंन उक्त अवधि भित्र गरी सम्झौताको लागि छनौट गरिनेछ ।

१३. लिलाम विक्रिबाट सकार गरेको जिन्सी मालसामान जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफनै खर्चमा उठाई लैजानु पर्नेछ । उक्त मालसामान ढुवानी गरी एक ठाउँबाट अर्को ठाउँमा लैजादा लाग्ने सम्पूर्ण खर्च ( कर समेत) बोलपत्रदाताले आफैले व्यहोर्नु पर्नेछ ।

१४. लिलाम विक्रिको लागि पेश भएको बोलपत्र स्वीकार गर्ने वा नगर्ने अधिंकार कार्यालयमा सुरक्षित रहेको छ ।

१५. लिलाम विक्रि सम्झौता सम्वन्धि विवाद देखिएमा कार्यालय र बोलपत्रदाताबीच वार्ताद्धारा समाधान गरिनेछ ।

विष्णु प्रसाद आचार्य
डिभिजनल वन अधिकृत